नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- 066/078
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 2230

मिति : २०७८/१/६

विषय: घटना दर्ता शिविर सञ्चालन सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा यस विभागको समन्वयमा सबै स्थानीय तहमा मिति २०७८/१/१ देखि २०७८/१/१६ सम्म घटना दर्ता अभियान सञ्चालन भइरहेको व्यहोरा विदितै छ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत यस चालु आर्थिक वर्षमा दर्ता शिविर सञ्चालनार्थ सबै स्थानीय तहमा बजेटका साथै दर्ता शिविर सञ्चालन सम्बन्धी मार्गदर्शन, कार्यक्षेत्रका शर्त र सो को सञ्चालन र व्यवस्थापन प्रक्रिया सम्बन्धी परिपत्र समेत भइसकेको सन्दर्भमा यस अभियान अन्तर्गत भईरहेको घटना दर्ता शिविर सम्बन्धी क्रियाकलापहरूमा एकरूपता नभएको जानकारी विभागमा प्राप्त हुन आएको छ।
विश्व बैंकको ऋण सहयोगमा सञ्चालित आयोजना भएकोले दर्ता शिविरलाई प्रभावकारी रूपमा सञ्चालन गरी नागरिकको सहभागिता अभिवृद्धि गर्न, निकासा भएको रकम सोधभर्ना गर्न र सबै स्थानीय तहबाट भएको क्रियाकलापमा एकरूपता कायम गर्न तपसिल बमोजिमका शर्तहरू अनुरूप शिविर सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ।

तपसिल:

१. अभियान अवधिभित्र दर्ता हुन आएका घटना दर्ताको विलम्ब शुल्क निवेदन संकलन हुँदाका बखत नलिई प्रमाणपत्र लिन आउँदाको बखतमा लिने व्यवस्था मिलाउने।
२. वडा कार्यालयबाट भएका घटना दर्तालाई शिविरबाट भएको मान्यता प्राप्त नहुने हुनाले शिविर अन्तर्गत खर्च लेख्न नमिल्ने।
३. शिविर स्थलमा सेवाग्राहीको शून्य उपस्थिति भए पनि एउटा स्थानमा कम्तिमा तीन दिनसम्म शिविर सञ्चालन गर्नुपर्ने।
४. इन्टरनेट सुविधा नभएका स्थानबाट अफलाइन संकलन भएका सूचना फारमहरूको अनिवार्य रूपमा अनलाइन प्रविष्टि गरी अनलाइन प्रमाणपत्र जारी गर्नुपर्ने।
५. शिविर सञ्चालन भएका वडा कार्यालयले शिविर सम्पन्न भए पश्चात सबै घटना दर्ता अनलाइनबाट हुने व्यवस्था गर्नुपर्ने ।

जितेन्द्र बस्नेत
महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np